सुर्नया गाउँपालिका

Surnaya Gaupalika

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of The Rural Municipal Executive

प.सं.(Ref. No): २०८२/८३
च.नं.(Des. No):

रौलेश्वर, बैतडी
Rauleshwar, Baitadi
२०७३

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

मिति: २०८२/०७/३०

**विषयः कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको सम्बन्धमा ।**

यस सुर्नया गाउँपालिकाका अध्यक्ष श्री अम्मर बहादुर कुँवरको अध्यक्षतामा मिति २०८२ कार्तिक ३० गते सम्पन्न भएको कार्यपालिका बैठकले गरेका निर्णयहरु सार्वजनिक गरिएको छ ।

**बैठकबाट पारित निर्णयहरु**

जेन जेड तथा जेन वाई समूह, सुर्नया गाउँपालिका, बैतडीको मिति २०८२/०६/२४ गतेको "गाउँपालिकामा भएको तालाबन्दीका मागहरु सम्बोधन गरि गरिएको सम्बन्धमा मिति २०८२ कार्त्तिक ३० गते-गाउँपालिका अध्यक्ष ज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी सहमती भएका तपशिलका बुँदाहरु अनुमोदन गर्ने निर्णय गरि सरोकारवाला सबैको जानकारीका लागि सार्वजनिक गरियो ।

**निर्णयहरु:**

१. महालेखा परीक्षकको प्रतिवेदनअनुसार गाउँपालिकाबाट असुल गर्नुपर्ने रकम तुरुन्त असुल गरी सार्वजनिक गर्नुपर्ने ।
   - महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदनबाट असुल उपर गर्ने भनि उल्लेख गरेको बेरुजु रकम सम्बन्धित व्यक्ति/निकायबाट कानुनी प्रक्रिया अनुसार असुलउपर गर्न पत्राचार गर्ने, कार्यालयले भुक्तानी गर्नुपर्ने रकम भए सो बाट कट्टी गरि असुल गर्ने र असुल गरिएको रकमको विवरण सरोकारवालाको जानकारीको लागि पुस मसान्त सम्म गाउँपालिकाले सार्वजनिक गर्ने ।

२. भूउपयोग तथा वातावरण अतिक्रमण रोक्न तत्काल अनुसन्धान र परीक्षण प्रक्रिया सञ्चालन गर्नुपर्ने ।
   - सुर्नया गाउँपालिकाले भुउपयोग नीति तर्जुमा गरिसकेको अवस्थामा सोही नीति अनुसार तुरुन्त वन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका



Scanned with OKEN Scanner

सरोकारवाला निकाय सँग आवश्यक सहकार्य र समन्वय गरि वन तथा वातावरण अतिक्रमण रोक्ने तथा १५ दिन भित्र प्रभावकारी कार्यान्वयन गर्ने/गराउने ।

३. मदिरा बिक्री वितरण ऐन अनुसार कार्यान्वयन सुनिश्चित गर्नुपर्ने ।

- प्रचलित कानुन बमोजिम मदिरा बिक्रि बितरण कार्यलाई व्यवस्थित तथा नियमन गर्न पालिका स्तरीय र वडा स्तरीय अनुगमन गर्ने र नियमानुसार कार्यान्वयन गर्न/गराउन तथा जानकारीको लागि सम्बन्धित निकायलाई १५ दिन भित्र गाउपालिकाले पत्राचार गर्नुका साथै वास्तविक तथ्याङ्क सार्वजनिक गर्ने र आउने अधिवेशनमा करको दर परिमार्जनका लागि पेश गर्ने ।

४. वडा स्तरमा सामाजिक परीक्षण (Social Audit) तुरुन्त सञ्चालन गर्नुपर्ने ।

- सुर्नया गाउँपालिकाको १ नं. वडा कार्यालय देखि ८ नं. वडा कार्यालयको सामाजिक परीक्षण गाउँपालिकाको समन्वयमा मंसिर महिनाको २० गते देखी सुरु गरी पुस ५ गते सम्ममा सम्पन्न गर्ने र तत्पश्चात पालिकाको सामाजिक परिक्षण गर्नुका साथै माघ ५ गते भित्र अर्ध बार्षिक सार्वजनिक सुनुवाई गर्ने ।

५. जेनजेड आन्दोलनमा बैतडी जिल्लाबाट सहिद भएका युवाका परिवारलाई तत्काल राहत उपलब्ध गराउनुपर्ने ।

- नेपालमा मिति २०८२ भदौ २३ र २४ गते देशव्यापी रूपमा भएको जेन्जी आन्दोलनमा बैतडी जिल्लाबाट सहिद भएका प्रति परिवारलाई २५ हजार रुपैया आर्थिक सहयोग गर्ने ।

६. २०७४ सालदेखि अहिलेसम्म संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन भएका सबै आयोजना, विषयगत कार्यक्रम र खर्चहरूको विवरण सार्वजनिक गरी स्वतन्त्र छानबिन समिति गठन गर्नुपर्ने ।

- सुर्नया गाउँपालिकाले २०७४ सालदेखी हालसम्म कार्यान्वयन गरेका योजना तथा कार्यक्रमको कार्यक्रमगत/श्रोतगत बजेट विनियोजन र खर्च विवरण सरोकारवालाको जानकारीको लागि तुरुन्त सार्वजनिक गर्ने निर्णय गरियो । साथै



Scanned with OKEN Scanner

छानविन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको छानविन समिति यहि पुसमा हुने हिउदे अधिवेशनबाट कानुन तर्जुमा गरी सोही बमोजिम गठन गर्ने ।

७. युवाको क्षेत्रमा बजेट विनियोजन गरी तत्काल गाउँपालिका स्तरमा युवा परिषद गठन गर्नुपर्ने ।

- सुर्नया गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि सुर्नया गाउँपालिकामा स्थानीय युवा परिषद कार्यविधि तर्जुमा गर्ने र सोही कार्यविधि अनुसार स्थानीय युवा परिषद गठन गरि सञ्चालन तथा व्यवस्थापन गर्ने र युवा क्षेत्रमा युवाहरुकालागि रोजगारी श्रृजना गर्न रु ८०,००,०००(अक्षेरुपी असी लाख मात्र) विनियोजन गर्ने । र वडामा विनियोजन भएको प्रशासनिक खर्च १३ लाख विनियोजन भएकोमा प्रशासनिक (चालु)तर्फ ५ लाख मात्र कायम राख्ने ।

८. शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, विपद् र खानेपानी जस्ता अतिआवश्यक योजना तत्काल कार्यान्वयन गर्नुपर्ने ।

- शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, विपद् र खानेपानी जस्ता अतिआवश्यक योजना तथा कार्यक्रम सञ्चालनको विषयमा अति आवश्यक योजना तथा कार्यक्रम पहिचान गरि बिनियोजित बजेटको आधारमा कार्ययोजना तयार गरि कार्यालयमा सेवा प्रवाह सुचारु भएलगत्तै कार्यान्वयन गर्ने
- शिक्षा : शैक्षिक क्षेत्रमा माथिल्लो निकायबाट आएका निर्देशन एवं पत्रहरु कार्यान्वयन गर्ने
- स्वास्थ्य : स्वास्थ्य क्षेत्रमा आएका पत्रहरुको कार्यान्वयन गर्दै गाउँपालिकामा भएका एम्बुलेन्सहरु वडा नं ३, ५ र ७ मा रहने गरी व्यवस्थापन गर्ने ।
- संचार : संचार क्षेत्रको सुधारका लागि आवश्यक पहल गर्ने,
- विद्युत : गाउँपालिका भित्रमा विद्युत विस्तारका लागि आवश्यक पहल गर्ने,



Scanned with OKEN Scanner

सुर्नया गाउँपालिका
Surnaya Gaupalika
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
रौलेश्वर, बैतडी
Rauleshwar, Baitadi
२०७३
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं.(Ref. No): २०८२/८३
च.नं.(Des. No):

- यातायत : सडक सफाईको कामलाई निरन्तरता दिदै सुर्नया गाउँपालिका देखी विभिन्न वडाहरु लगायत विभिन्न ठाउमा यातायात व्यवसायिहरुसंग समन्वय गरी गाडी भाडा निर्धारण गर्ने ।
- विपद : गाउँपालिकामा हाल सम्म विपद उद्दार वा क्षतिपुर्तिका लागि प्राप्त पत्रहरुमा आगामी कार्यपालिकाको बैठकबाट कामकारबाही गरी किनारा लगाउने ।
- घरभाडा : गाउँपालिकालाई आवश्यक पर्ने घरहरु/कोठाहरु सुचना आह्वान गरेर मात्र भाडामा लिने, साथै गाउँपालिकाको विपद लगायत अन्य सामग्री राखेका गोदामहरु गाउँपालिकामा सार्ने ।

९. पालिकामा सञ्चालन भएका तथा ठेक्का आह्वान भएका योजनाहरू निर्धारित समयमै सम्पन्न गरिनुपर्ने ।

- सशर्त, समपुरक, विशेष, समानिकरण अनुदानको रुपमा संघ र प्रदेश सरकारबाट प्राप्त योजनाहरु तथा पालिकाबाट सञ्चालन गरिएका योजनाहरु समयमै सम्पन्न गर्न र सुस्त गतिमा निर्माण कार्य भैरहेका निर्माण कार्यको हकमा निर्माण व्यवसायीलाई निर्धारित समयमै सम्पन्न गर्न पत्राचार गर्ने ।

१०. करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

यस सुर्नया गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको पुष मसान्त सम्मका लागि मात्र करार सम्झौता रहेकोमा तत्पश्चात करार म्याद थप गर्दा कार्यक्रम समाप्त भई पारिश्रमिक नआएका र दरबन्दी नभएका कर्मचारीहरुको सम्बन्धमा अर्थ मन्त्रालयको च.न. ११८ मिति २०८२/०६/०७ गतेको, संघीय मामिला तथा सामान्य मन्त्रालयको च.न. ११३ मिति २०८२/०६/०८ गतेको, शिक्षा मन्त्रालयको च.न. ०६ मिति २०८२/०६/१० र श्रम तथा रोजगार मन्त्रालयको च.न. ४१९ मिति २०८२/०२/०१ गतेको प्राप्त पत्रहरुबमोजिम कामकारबाही गरि सोही बमोजिम यस गाउपालिकामा करार कर्मचारीहरुको करार अवधि नथपि स-सम्मान विदाई गर्नुका साथै समान पदका लागि समान पारिश्रमिक



Scanned with OKEN Scanner

सुर्नया गाउँपालिका
Surnaya Gaupalika
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
रौलेश्वर, बैतडी
Rauleshwar, Baitadi
२०७३
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

पत्र सं.(Ref. No): २०८२/८३
चलानी नं.(Des. No):

तोक्ने, बरियता बमोजिम जिम्मेवारी तोक्ने र गैर कानुनी रुपमा भर्ना गरिएको पाइएमा कानुन बमोजिम कारबाहि गर्ने ।

११. खेलकुद मैदानका लागि बजेट विनियोजन सम्बन्धमा ।

यस सुर्नया गाउँपालिकामा खेलमैदान आवश्यक रहेको कुरालाई मध्यनजगर गर्दै खेलकुद मैदान निर्माणका लागि रु ८ लाख बजेट विनियोजन गरी यहि आर्थिक बर्षमा निर्माण कार्य सुरु गर्ने ।

१२.सुचना उपलब्ध गराउने ।

यस सुर्नया गाउँपालिकाबाट माग गरिएका सुचनाहरु कार्यपालिकाका निर्णयहरु कार्यालय खुलेको ३ दिन भित्र र अन्य सुचनाहरु मागेकै स्वरुपमा उपलब्ध गराउने ।

..............
प्रताप महरा
प्रवक्ता

*उल्लेखित निर्णयहरु गर्दै गाउँ कार्यपालिकाको २०८२ कार्तिक ३० गतेको बैठक सम्पन्न भएको जानकारी गराईन्छ ।*

*धन्यवाद !!*



Scanned with OKEN Scanner